www.prepp.in

Your Personal Exams Guide

UPSC CSE 2017 MAINS PAPER 7 NOVEMBER 03, 2017 NEPALI OPTIONAL PAPER - II QUESTION PAPER

# नेपाली

## प्रश्न-पत्र—II

## ( साहित्य )

अनुज्ञापित समय : तीन घण्टा

अधिकतम अङ्क : 250

**प्रश्न-पत्र सम्बन्धित विशिष्ट अनुदेश**

**कृपया प्रश्नका उत्तर लेख्नुअघि निम्नलिखित प्रत्येक अनुदेशलाई ध्यानपूर्वक पढ्नुहोस्**

यसमा **आठवटा** प्रश्न छन् जसलाई दुई खण्डमा बाँडिएको छ।

परीक्षार्थीले जम्मा **पाँचवटा** प्रश्नको उत्तर लेख्नु पर्ने छ।

प्रश्न सङ्ख्या **1** र **5** अनिवार्य छन् अनि रहेका प्रत्येक खण्डबाट कमभन्दा कम **एउटा** प्रश्न छानेर जम्मा **तीनवटा** प्रश्नका उत्तर लेख्नुहोस्।

प्रत्येक प्रश्न/अंशका अङ्क तिनका विपरीतमा सूचित गरिएको छ।

उत्तर नेपाली (देवनागरी लिपि)-मा लेख्नु पर्ने छ।

प्रश्नमा शब्द-सीमा, उल्लेख गरिए अनुसार पालन गर्नु आवश्यक छ।

प्रश्नहरूका उत्तरको गणना क्रमानुसार गरिने छ। अंशतः लेखिएको प्रश्नको उत्तरलाई पनि यदि काटिएको छैन भने गणना गरिने छ। प्रश्न-सह-उत्तर पुस्तिकामा खाली छोडिएका पन्ना अथवा कुनै भाग स्पष्टसित काटिएको हुनुपर्छ।

# NEPALI

## PAPER—II

## ( LITERATURE )

Time Allowed : Three Hours

Maximum Marks : 250

**QUESTION PAPER SPECIFIC INSTRUCTIONS**

**Please read each of the following instructions carefully before attempting questions**

There are EIGHT questions divided in two Sections.

Candidate has to attempt FIVE questions in all.

Question Nos. **1** and **5** are compulsory and out of the remaining, THREE are to be attempted choosing at least ONE question from each Section.

The number of marks carried by a question/part is indicated against it.

Answers must be written in NEPALI (Devanagari Script).

Word limit in questions, wherever specified, should be adhered to.

Attempts of questions shall be counted in sequential order. Unless struck off, attempt of a question shall be counted even if attempted partly. Any page or portion of the page left blank in the Question-cum-Answer Booklet must be clearly struck off.

www.prepp.in
Prepp
Your Personal Exams Guide

## SECTION—A

1. निम्नलिखित पद्यांशहरूको सन्दर्भसहित व्याख्या (*150* शब्दमा) प्रस्तुत गर्दै तिनका वैशिष्ट्यहरूको उल्लेख गर्नुहोस् : 10×5=50

(a) धरित्रीमा सत्य, श्रम र पसिनाको भर परी
तपस्या जो गर्छन् सरल मनले जीवनभरी।
तिनैको त्यै सत्य, श्रम र पसिना-रूप तपको
चिरस्थायी यै हो परिणति उज्यालो गजबको॥

(b) सत्ते त्रेता द्वापर कलीयुग लाग्यो।
दया धर्म जति सबै पर पर भाग्यो॥
दया छैन मनमा धर्म छ काँहाँ।
कल्याहा र क्रोधी कलियुग माँहाँ॥

(c) अस्तित्वको हाम्रो मक्किनलागेको टेवालाई
काँध हाल्न आउने, अँ मान्छे चाहिएको छ
सन्तान चाहिएको छ,
बाँझा इच्छा र सपनालाई हाम्रो
हरिलो-भरिलो पारिदिने
एक होइन, हजारन् उपस्थिति चाहिएको छ।

(d) यो देशको माटोले भन्छ
यो देशको ढुंगाले भन्छ
हाम्रो पनि रातो रगत यहीं बगेको छ
हाम्रो पनि तातो पसिना यहीं खसेको छ।

(e) सहने सोझाहरूका सैयन् मुटुको विझ्ने शोला बनिदे
तिमिर-विनाशक युगको झरिलो अग्नि-पुञ्जको गोला बनिदे
सल्केको तँ आग्नेय-गिरि बन्, ल्याई विद्युत आँधी गर्जन
सहिष्णुताको सरल उज्यालो-हिम-शिखर झैं नबन्-नबन्।

2. (a) "दृष्टान्तमा यो नाटक बनाई शक्तिमान तर हृदयहीन हिरण्यकशिपु र दयावान् तर शक्तिहीन प्रह्लादलाई अघि सारेर प्राचीन समयलाई लिई आधुनिक हिट्लर र गान्धीको समयमा छाप पार्न खोजेको हुँ"—प्रस्तुत भनाइको सन्दर्भलाई लिएर 'प्रह्लाद' नाटकको वैचारिक पक्षको मूल्याङ्कन गर्नुहोस्। 20

(b) 'सुस्केरा' एकाङ्कीमा चित्रित शिक्षक जीवन-वृत्तिको मार्मिक पक्षलाई अङ्कित गर्दै यस एकाङ्कीमा 'सङ्कलन-त्रय'-को निर्वाहबारे विश्लेषण गर्नुहोस्। 15

(c) 'तरुण-तपसी' काव्यमा प्रदर्शित सामाजिक र आध्यात्मिक पक्षहरूको सोदाहरण व्याख्या गर्नुहोस्। 15

www.prepp.in

Prepp
Your Personal Exams Guide

**3.** *(a)* 'उदय लहरी' काव्यको भाव-पक्ष र शैली-पक्षको समीक्षा गर्दै यसको साहित्यिक मूल्यमाथि मीमांसा गर्नुहोस्। 20

*(b)* पाठ्य-कविताहरूका सन्दर्भमा कवि गिरीको जातीय चेतना र अस्तित्व-बोधबारे समीक्षा गर्नुहोस्। 15

*(c)* 'प्रह्लाद' नाटकको शीर्षक सार्थकतामाथि चर्चा गर्दै प्रह्लाद पात्रको चरित्रगत विशिष्ट गुणहरूको मूल्याङ्कन गर्नुहोस्। 15

**4.** *(a)* 'यो जिन्दगी खै के जिन्दगी' र 'आकाशका तारा, के तारा?' कविताहरूमा प्रयुक्त बिम्ब र प्रतीक योजनाबारे सोदाहरण विवेचना गर्नुहोस्। 20

*(b)* 'अँध्यारोमा बाँच्नेहरू' एकाङ्कीमा चित्रित समाजको दुर्दशाको कारण र परिणामबारे सार्थक समीक्षा गर्नुहोस्। 15

*(c)* 'तरुण-तपसी' काव्यका माध्यम कवि लेखनाथ पौड्यालले मानव-समाजलाई दिन चाहेका सन्देशहरूको चर्चा गर्नुहोस्। 15

## SECTION—B

**5.** निम्नलिखित गद्यांशहरूको सन्दर्भसहित व्याख्या (*150* शब्दमा) गर्दै तिनका वैचारिक आशयहरू स्पष्ट पार्नुहोस् : 10×5=50

*(a)* ''देखावटी, अस्थायी र सस्तो भावुकताका भरमा लेख्नाले पाता रङिएला तर साहित्य सिर्जिदैन। यसै कारणले हो अव्वल दर्जाका लेखकको शैली अनुकरण गर्ने सफल शिष्यले पनि नाउँ कमाउन नसकेको, साहित्यिक ख्याति, श्रेष्ठता उपलब्ध नगरेको।''

*(b)* ''साहित्यिक श्रेष्ठताको नाप जनतामा परेको प्रभाव र सर्वकालीन हृदयस्पर्शितामा निर्भर रहन्छ। नेपाली साहित्यको इतिहास हेर्दा हामीलाई त्यत्तिको प्रभावकारी र सर्वप्रिय रचनाहरू अरू जँच्तैन।''

*(c)* ''त्यो सिलगढी पुग्यो। त्यहाँको हल्ला र आवाजले त्यसलाई मार्न खोज्यो। राती रेल चढेर त्यो आफ्नो घर, आफ्नो परिवारतिर गइरहेको थियो।''

*(d)* ''म मूक समवेदना लिएर युवतीको छेउमा बसेको छु। कुन अज्ञात, मर्मभेदी अतीतको पीडाले युवतीलाई असह्य यन्त्रणा दिइरहेछ—कसले जानोस्?''

*(e)* ''जुन चीज पाउनलाई उसले दश चीजलाई माया मार्‍यो, त्यही हराउँदा उसले खोजी मात्र गर्नु? आफ्नो ज्यान पनि माया मार्नुपर्छ। उसले चारैतिर हेर्‍यो; चारैतिरबाट उसैलाई हेर्दै थिए। उ हतार-हतार धुँइचोबाट लमक्लमक् घरतिर हिँड्यो।''

**6.** *(a)* ''यसलाई मैले आसामका नेपालीहरूको संघर्षको औपन्यासिक शिलालेख भन्न मन पराएँ''—उपन्यासकार लीलबहादुर क्षत्री स्वयंको यो भनाइ उनको 'ब्रह्मपुत्रको छेउछाउ' उपन्यासमा कसरी सार्थक भएको छ? विवेचना गर्नुहोस्। 20

*(b)* इन्द्र सुन्दासका 'सहारा' उपन्यासमा प्रतिफलित मूलभूत प्रवृत्तिहरूको बुँदागत रूपमा विश्लेषण गर्नुहोस्। 15

*(c)* 'जिम्मेवारी कसको?' कथाको मूल आशय बताउँदै कथाकार रूपनारायण सिंहको कथा-प्रवृत्तिबारे चर्चा गर्नुहोस्। 15

www.prepp.in

Prepp
Your Personal Exams Guide

**7.** *(a)* पाठ्य-निबन्धहरूका आधारमा देवकोटाका निबन्धगत प्रवृत्तिहरूको बुँदागत रूपमा विश्लेषण र मूल्याङ्कन गर्नुहोस्। 20

*(b)* 'घोषबाबु' कथामा घोषबाबु पात्रको जीवन-चरित्र कसरी चित्रित छ? वर्णन गर्नुहोस्। 15

*(c)* 'साहित्यिक रुचिको प्रौढता' निबन्धको मूलभूत विशेषताहरूको उल्लेख गर्दै रामकृष्ण शर्माको योगदानमाथि टिप्पणी गर्नुहोस्। 15

**8.** *(a)* आञ्चलिक प्रवृत्तिका दृष्टिले सानु लामाका 'खानी टारमा एक दिन' र 'फूर्बाले गाउँ छोड्यो' कथाहरूको समीक्षा र मूल्याङ्कन गर्नुहोस्। 20

*(b)* 'ब्रह्मपुत्रको छेउछाउ' उपन्यासमा घटनाक्रमको मार्मिक पक्षहरू उल्लेख गर्नुहोस् र भाषिक विशेषताहरूको चर्चा गर्नुहोस्। 15

*(c)* 'सहारा' उपन्यासको संक्षिप्त कथासार दिँदै यसको भाषा-शैलीबारे समीक्षा गर्नुहोस्। 15

★★★